# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३/११/१९ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-------------------------------------------------------

जनप्रिय प्राथमिक विद्यालय, ताम्ती, जुम्लामा कार्यरत प्रा.वि शिक्षक लोकबाहदुर शाहीले अर्काको नामको अध्यापन अनुमति पत्र प्रयोग गरी उक्त पदमा नियुक्ति भएकाले निजको प्रमाण-पत्र उपर छानविन गरीपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान तथा छानविन हुँदा, जनप्रिय प्राथमिक विद्यालय, ताम्ती, जुम्लामा मिति २०६५/१२/०२ देखी मिति २०७२/०३/३० सम्म कार्यरत निज लोकबाहदुर शाहीले उक्त पदमा नियुक्ति पाउने र सो हैसियतले लाभ तथा सुविधा पाउने उद्देश्यले अर्काको नाममा रहेको नक्कली अध्यापन अनुमति पत्र पेश गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निज लोकबाहदुर शाहीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलव्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिबिधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता